त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

त्रिवेणी गाउँपालिकाको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखनका लागि प्रस्ताव आव्हान सम्बन्धी

**प्रथम पटक प्रकाशित सूचना**

सूचना प्रकाशित मिति २०८२/१२/२४

यस त्रिवेणी गाउँपालिकाको आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम **हाम्रो त्रिवेणी** निर्माण भैसकेको र पाठ्यक्रममा आधारित रहेर १-८ को पाठ्यपुस्तक निर्माणका लागि सबै प्रकृया पुरा गर्न प्राविधिक तथा आर्थिक प्रस्ताब आबश्यक भएकोले पाठ्यक्रम बिकास केन्द्रले तय गरेको मार्गदर्शनको परिधि र त्रिवेणी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको नियमित सम्पर्कमा रही काम गर्ने प्रयोजनका लागि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखनको लागि अनुभव हासिल गरेका, कम्तिमा स्नातकोत्तर उत्तीर्ण अनुभवी व्यक्तिहरुबाट आवेदन आव्हान गरिन्छ । आवेदकले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निम्न कागजात सहित सम्पर्क गर्नुहुन अनुरोध छ ।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. आफुले काम गर्न सक्ने व्यहोराको दाबी सहितको आवेदन तथा व्यक्तिगत वायोडाटा ।

२. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. आर्थिक बर्ष २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र ।

४. विज्ञ/फर्म/कम्पनी/संस्थाका विज्ञ व्यक्ति/समूहले **हाम्रो त्रिवेणी** नामक स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयारीका लागि प्राविधिक र आर्थिक प्रस्ताव तयारी गरी पेश गर्नुपर्नेछ ।

५. स्थानीय पाठ्यपुस्तक निर्माणमा संलग्न भएका अनुभवका प्रमाणपत्रको प्रतिलिपी तथा निर्माण गरेको पाठ्यपुस्तकको नमुना प्रतिहरु ।

६. स्नातकोत्तर तह उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपी, विश्वविद्यालय मातहतका क्याम्पसहरुमा अध्यापनरत रहेको वा अध्यापन गरेको अनुभवका प्रमाणपत्र तथा विषय समितिमा रही काम गरेको वा गरिरहेको प्रमाणपत्रको प्रतिलिपी ।

७. त्रिवेणी गाउँपालिकामा सो काम गर्नका लागि सूचिकृत भएको भए सूचिकृत मिति र दर्ता नम्बर ।

८. सेवाको समय अवधी सहितको क्रियाकलाप सूची तथा सोको लागि दाबी गरिएको पारिश्रमिक तथा दैनिक भ्रमण भत्ता समेतको कुल रकम दश लाखमा नबढाई अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ ।

९. कामको जिम्मेवारी छनौट पछि गरिने सम्झौता पत्र साथ दिइने TOR मा उल्लेख गरिनेछ। तथापी पाठ्यपुस्तक मस्यौदाको इ कपी मस्यौदा गर्ने दायित्व स्वंयको हुनेछ ।

२०८२/१२/२४

(चेत नारायण कंडेल)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner